# श्री लखपती सामुदायिक वन उपभोक्ता समूह
# गढवा २ पचहिया दाङ(देउखुरी)

## काठ,दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना
### सुचना प्रकाशन मिति २०८१।१२।११

यस सामुदायिक वनको स्वीकृत कार्ययोजना अनुसार डिभिजन वन कार्यालयदाङ(देउखुरी)बाट संकलन सहमति लिई संकलन गरेको काठ, दाउरा समुहको भवनमा घाटगद्दीमा रहेका निम्न परिमाणको काठ,दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने लिलाम बिक्रि गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ । काठको कारोवार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) लिएको व्यक्ति वा आयकर र मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको फम कम्पनी, उद्योग वा संघ, सस्थाले यो सुचना गोरक्ष राष्ट्रिय दैनिक पत्रिकामा पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

१.वन पैदावारको विवरण

| क्र.सं. | जात | वन पैदावारको | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | काठ | | | | | दाउरा | | | |
| | | ग्रेड | थान | परिमाण क्यू.फि | प्रति क्यू.फि.न्यूनतम मुल्य रु. | कटान मुछान खर्च रु.(प्रति क्यू.फि) | परिमाण(चट्टा) | प्रति चट्टा न्यूनतम मुल्य रु. | कटान मुछान खर्च रु.(प्रति चट्टा) | |
| १ | साल | ए | १३ | २७४।८३ | १२५०। | २००। | सालकोजर्ना १४।२५ चटटा अन्य जातको ३।२५ चटटा | १२०००। | १०,०००। | |
| २ | साल | बि | ३३ | ३६६।३० | ९००। | | | ४०००। | | |
| ३ | साल | सि | १०१ | ३५६।१३ | ६००। | | | | | |
| ५ | साल | डि | ४४ | ८०।८८ | ३००। | | | | | |
| ६ | सिसौ | बि | ०२ | ८।६० | ४००। | | | | | |
| ७ | दवदवे | | १ | ४।१७ | १००। | | | | | |
| ८ | जम्मा | | १९४ | १०९०।९१ | | | | | | |

२.बोलपत्र खरिद गर्नु पर्नेअन्तिम मिति र समय

(क) अन्तिम मिति २०८१।१२।३१ (ख) समय ५.०० बजेसम्म

३. वोलपत्र दाखिला गर्नेपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति: २०८२।०१।०१ (ख)समय १२:०० बजेसम्म

४. बोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको कुमारी वैङ लिमिटेठ सिसनियामा रहेको खाता नं. १७६०३०३७८२००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

५. बोलपत्र फारामको रु.१,०००।- पछि फिर्ता नहुने गरी समुहको उपरोक्त बमोजिमको बैंक खातामा जम्मा गरि यस सामुदायिक वन उपभोक्ता समुह, डिभिजन वन कार्यालय, दाङ(देउखुरी) । वन निर्देशनालय रुपन्देही वुटवल बाट समेत खरिद गरी समुहमा दाखिला गर्न सकिनेछ ।

६.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको भवन कम्पाउन्डमा रहेको घाटगद्दी स्थलमा गइ हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन इच्छुक कम्पनि वा फर्ममा प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

८. निधारित न्यूनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०१।०१ गते २:०० बजे पछि समुहको कार्यालयमा साक्षीहरुको रोहवरमा खोलिने छ र बोलत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पुर्ने छैन ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित नियमानुसार लाग्ने कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र प्रक्रिया पुयाई उठाईलैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।

१२ .वोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा अर्को दिन खोलिने छ ।

Scanned with CamScanner